// मानेभन्ज्याङ गाउँपालिका

कोशी प्रदेश, ओखलढुंगा

# स्थानीय राजपत्र

**खण्डः ४** **भागः २** **संख्याः १**

**प्रमाणीकरण मितिः२०८१/४/३०** **कार्यपालिकाबाट स्वीकृत मितिः ०८१/४/३०**

## एम्बुलेन्स सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

<u>**प्रस्तावनाः**</u> मानेभन्ज्याङ गाउँपालिकाले विरामी, गर्भवती/सुत्केरी महिलाहरूको लागि घरबाट स्वास्थ्य संस्थासम्म आकस्मिक उपचारका लागि पुऱ्याउनु पर्ने अवस्था भएमा नेपालको संविधान प्रदत्त मौलिक हक अन्तर्गतको स्वास्थ्य सम्बन्धी हकलाई मध्येनजर गरी एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) बमोजिम मानेभन्ज्याङ गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरी कार्यान्वयन गर्नका लागि यो कार्यविधि बनाएको छ ।

**१. सक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम " एम्बुलेन्स सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१" रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएपश्चात लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधेयकमाः-

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्न स्वीकृत प्राप्त गरेको वाहन सम्झनु पदर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँदछ ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले मानेभन्ज्याङ गाउँपालिकालाई सम्झनु पर्छ ।

(ङ) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्ने आर्थिक ऐन तथा समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

(च) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।

**३. एम्बुलेन्स सेवा निर्देशन तथा अनुगमन समिति :**

(१) एम्बुलेन्स सेवा सञ्चालन व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरू रहने गरी एक गाउँ
एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेका अधिकृत स्तरको कर्मचारी - सदस्य

(घ) एम्बुलेन्स रहेको सम्बन्धित वडाको वडाध्यक्ष - सदस्य

(ङ) कार्यपालिकाका सदस्यहरू मध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी कार्यपालिकाले तोकेको २ जना सदस्य -सदस्य

(च) स्वास्थ्य शाखा प्रमुख -सदस्य

(छ) आर्थिक सहयोग दता मध्ये १ जना - सदस्य

**४. एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिः**

(१) गाउँपालिकाले खरिद गरी आफैले संचालन गर्ने हकमा देहायको एक एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति रहनेछ ।

(क) सम्बन्धित वडाको वडाध्यक्ष - अध्यक्ष

(ख) माया राई - उपाध्यक्ष

(ग) हेम प्रसाद खतिवडा - सदस्य

(घ) नारायण प्रसाद वास्तोला - सदस्य

(ङ) कृण्ण कुमारी राई - सदस्य सचिव

(च) स्वास्थ्य शाखा प्रमुख - सदस्य

(छ) सम्बन्धित वडामा रहेको स्वास्थ्य चौकी प्रमुख -सदस्य सचिव

(२) गाउँपालिका आफैले खरिद गरी वा गाउँपालिकाको अनुदानमा खरिद भएको एम्बुलेन्स उपदफा (१) बमोजिम गाउँपालिका आफैले सञ्चालन नगरी कुनै संघसंस्थालाई हस्तान्तरण गरेमा सोको संचालन सोही संस्थाको व्यवस्थापन/कार्य समितिले संचालन तथा व्यवस्थापन समितिको कार्य गर्नेछ ।

(३) उपदफा २ बमोजिम कुनै संघसंस्थालाई हस्तान्तरण भएमा सो संस्थासंग गाउँपालिकाले आवश्यक सम्झौता गरी हस्तान्तरण गर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम सञ्चालन तथा व्यवस्थापन समितिका कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेका मानिनेछ ।

(५) समितिका बैठक आवश्यकता अनुसार बस्नेछ । समितिका बैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) समितिका बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## ५. समितिका काम, कर्तव्य र अधिकार

(१) समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रूपमा सञ्चालन गरे, नगरेका अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने । यस निर्देशिका अनुसारका आचार संहिता पालन नगर्ने चालकलाई चेतावनी दिई आचारसंहिता पालना गर्न लगाउने । बारम्बार आचरण उल्लघंन गरेमा आवश्यकता अनुसार करार सम्झौता रद्द गर्ने ।

(ग) एम्बुलेन्स सेवाका बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) जिल्लास्तरमा एम्बुलेन्स सम्बन्धी दर रेट निर्धारण गर्ने निकायको सिफारिस बमोजिम आवश्यकता अनुसार परिमार्जन गर्ने ।

(ङ) सरोकारवाला तथा अन्य संघहरू बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने ।

(च) गाउँपालिकाका विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा सञ्चालनका लागि आवश्यक थप मापदण्ड बनाउने।

(छ) चालकले अनुसची (१) बमोजिम सेवा शुल्क लिइ बैंक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(२) समितिका सदस्य-सचिवले सेवा प्रवाह स्थितिका अद्यावधिक विवरण प्रत्येक वर्षको जेष्ठ मसान्तमा गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(३) मानेभन्ज्याङ गाउँपालिका अन्तर्गत वसोवास गर्ने सेवाग्राही, गाउँ कार्यपालिकामा कार्यरत कर्मचारीहरूलाई विशेष छुट दिने/नदिने निर्णय गर्नेछ ।

**६. सेवा शुल्क तथा कोष सम्बन्धी व्यवस्था :** (१) एम्बुलेन्स सेवा प्रयोग गरेवापत सम्बन्धित सेवाग्राहीले अनुसुची (२) मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कका रूपम बुझाउनु पर्नेछ ।

(२) एम्बुलेन्स सेवा वापत उठेका रकम दफा ३ को उपदफा (१) बमोजिम सञ्चालन हुने भएमा गाउँपालिकाले र उपदफा (२) बमोजिम संचालन हुने भएमा जुन सस्थालाई हस्तान्तरण गरिएको हो सोहि संस्थाले एक अलग बैंक खाता/कोष खडा गरी त्यसमा रकम जम्मा गर्नेछ ।

(३) सेवा दिएवापत लिइने सेवा शुल्क नगदी रसिद काटी राजस्व खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

(४) सो कोषको सञ्चालन, सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयानुसार हुनेछ । कोषको रकम सामान्यता चालकको तलब भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्री लगायतको खरिदमा खर्च गरिनेछ । तर उक्त कोषमा रकम अपुग भएमा गाउँपालिकाको स्वीकृत बार्षिक बजेटबाट भुक्तानी गर्न बाधा पर्ने छैन ।

**७. चालकको नियुक्ती र सेवा सुविधा :** (१) एम्बुलेन्स सेवा सञ्चालनका लागि गाउँपालिकाले एक जना चालक नियुक्ति गर्नेछ।

(२) चालको योग्यता देहाय बमोजिम हुनेछ।

(क) सवारी चालक प्रमाण पत्र लिएको

(ख) सवारी चालकको रुपमा न्युनतम एक वर्षको अनुभव प्राप्त गरेको

(ग) कम्तिमा ८ कक्षा उत्तीर्ण गरेको

(घ) २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको

(च) धुम्रपान, मध्यपान तथा सुर्तीजन्य पदार्थ सेवन गर्ने बानी नभएको

(छ) आंखा, हात, खुट्टामा कुनै समस्या नभएको (मान्यता प्राप्त अस्पतालबाट प्रमाणित भएको हुनु पर्ने)

(ज) क्यान्सर, डायबिटिज, मुटु तथा फोक्सोको दिर्घरोग नभएको (मान्यता प्राप्त अस्पतालबाट प्रमाणित भएको हुनुपर्ने)

(अ) उच्च नैतिक चरित्र भएको

(३) एम्बुलेन्स चालकको नियुक्ति गर्न देहायबमोजिमको पदपूर्ति समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) जिल्ला ट्राफिक प्रहरी कार्यालयको प्रतिनिध एक जना -सदस्य

(ग) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख -सदस्य

(घ) प्रहरी चौकी इन्चार्ज - सदस्य

(ङ) गाउँपालिकाको कर्मचारी प्रशासन शाखा प्रमुख -सदस्य-सचिव

(४) पदपुर्ति समितिको काम कर्तव्य अधिकार तथा एम्बुलेन्स चालक नियुक्ति प्रकृया देहाय बमोजिम हुनेछ।

(क) एम्बुलेन्स चालकको नियुक्तिको लागि दरखास्त आह्वानको सूचना प्रकाशन गर्ने।

(ख) म्यादभित्र प्राप्त आवेदन मध्ये दफा ७ को उपदफा (२) बमोजिम योग्यता भएका आवेदकहरुको छोटो सूची Short List) तयार गर्ने।

(ग) चालक नियुक्तिको लागि लिखित, मौखिक, प्रयोगात्मक र स्वास्थ्य जाँच वा पदपूर्ती समितिको निर्णय बमोजिम हुनेछ ।

(घ) लिखित, मौखिक, प्रयोगात्मक तथा स्वास्थ्य जाँच परीक्षाको पुर्णाङ्क, उत्तीर्णाङ्क र समयावधि प्रचलित कानुन बमोजिम पदपूर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(ङ) पदपुर्ति समितिले परीक्षा गर्ने प्रयोजनको लागि आवश्यक विषय विशेषज्ञहरुलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछ ।

(५) चालकको तलब भत्ता गाउँसभाले निर्धारण गरे बमोजिम हुनेछ । अन्य सेवा सुविधाको सम्बन्धमा सेवा शुल्क वापत उठेको रकम पर्याप्त भएमा र आवश्यकताको आधारमा दफा ३ बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) एम्बुलेन्समा रहने जनशक्तिको प्रतिव्यक्ती रु २ लाख सम्मको दुर्घटना बिमा हुनेछ ।

(७) चालकले अनुसूची २ बमोजिमको आचारसंहिताको दुई प्रतिमा हस्ताक्षर गरी एक प्रति कार्यालयलाई बुझाउनु पर्नेछ र एक प्रति आफुले राख्नु पर्नेछ ।

(८) गाउँपालिकाले प्रत्येक वर्ष एम्बुलेन्स चालकको स्वास्थ्य परीक्षण गराउनेछ ।

(९) चालकले एम्बुलेन्स प्रयोगको लगबुक अनुसूची ३ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(१०) एम्बुलेन्स चालकलाई हल्का सवारी चालक सो सरहको (तलव भत्ता) उपलब्ध गराईनेछ । जिल्ला बाहिर प्रतिटिप रू १०००।- थप सुविधा वापत उपलब्ध गराईनेछ ।

(११) एम्बुलेन्समा खटिएको स्वास्थ्य कर्मिलाई प्रतिटिप रू १०००।- थप सुविधा वापत उपलब्ध गराईनेछ ।

(१०) यस दफा बमोजिम नियुक्त चालकको करार नविकरण निजको कार्यसम्पादनको मूल्याङ्कन गरी प्रत्येक आर्थिक वर्षको शुरुवातमा गरिनेछ । स्वास्थ्य परीक्षण गर्दा समस्या हुने आचारसंहिता पालना नगर्ने र कमजोर कार्यसम्पादन गर्ने चालकको करार नविकरण हुने छैन ।

(६) चालकलाई सञ्चालक समितिको निर्णयले थप अन्य सुविधा उपलब्ध गराउन सक्नेछ ।

**८. एम्बुलेन्स रहने स्थान सोको मर्मत सम्भार** : (१) दफा ४ को उपदफा १ बमोजिम सञ्चालन हुने एम्बुलेन्सको हकमा मानेभन्ज्याङ गाउँपालिका वडा न. ५ मा रहेको मानेभन्ज्याङ स्वास्थ्य चौकीमा र दफा ४ को उपदफा २ बमोजिम संचालन हुने एम्बुलेन्सको हकमा सम्बन्धित संस्थाको हातामा रहनेछ ।

(२) एम्बुलेन्स नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ र मर्मत गर्नु पर्ने भएमा बढीमा महिनामा रू ५०००। सम्मको इस्टिमेट अनुसारको मर्मत दफा ४ को उपदफा (१) वा (२) बमोजिमको समितिको निर्णय अनुसार हुनेछ ।

सो भन्दा बढीको मर्मत भएमा उक्त समितिको सिफरिसमा दफा ३ को समितिको  निर्णय बमोजिम हुनेछ ।

(३) एम्बुलेन्स चालु अवस्थामा राख्ने जिम्मेवारी चालकको हुनेछ ।

९. **विविध** : (१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीका विवरण अनुसुची-४ बमोजिम हुनेछ ।

(२) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मी विमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

(३) यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

## अनुसूची १

(कार्यविधिको दफा ५ (छ) सँग सम्बन्धित सेवा शुल्क सम्बन्धि दररेट)

क)  गर्भवती/सुत्केरी

| क्र.सं. | स्थान देखी | स्थान सम्म | स्वीकृत दर रेट रु. |
|---|---|---|---|
| १ | वडा नं. १ | सोब्रु सामुदायिक अस्पत्ताल | २०००।- |
| २ | वडा नं. २ र ३ | सोब्रु सामुदायिक अस्पत्ताल | २०००।- |
| ३ | वडा नं. ४,५,६,७,८,९ | सोब्रु सामुदायिक अस्पत्ताल | २०००।- |
| ४ | सोब्रु सामुदायिक अस्पत्ताल | काठमाण्डौं | १६०००।- |

| | | | |
|---|---|---|---|
| ५ | वडा नं. १ | काठमाण्डौं | १३२००।- |
| ६ | वडा नं. २ र ३ | काठमाण्डौं | १२८००।- |
| ७ | वडा नं. ४,५,६,७,८,९ | काठमाण्डौं | १२४००।- |

ख) विरामी

| क्र. सं. | स्थान देखी | स्थान सम्म | स्वीकृत दर रेट रु. |
|---|---|---|---|
| १ | वडा नं. १ | सोब्रु सामुदायिक अस्पत्ताल | ३०००।- |
| २ | वडा नं. २ र ३ | सोब्रु सामुदायिक अस्पत्ताल | ३०००।- |
| ३ | वडा नं. ४,५,६,७,८,९ | सोब्रु सामुदायिक अस्पत्ताल | २५००।- |
| ४ | सोब्रु सामुदायिक अस्पत्ताल | काठमाण्डौं | २००००।- |
| ५ | वडा नं. १ | काठमाण्डौं | १७५००।- |
| ६ | वडा नं. २ र ३ | काठमाण्डौं | १७०००।- |
| ७ | वडा नं. ४,५,६,७,८,९ | काठमाण्डौं | १६५००।- |

तोकिएको स्थान वाहेकका अन्य स्थानहरूको लागि देहायबमोजिम प्रति किलोमिटर सेवा शुल्क वुझाउनु पर्नेछ ।

१. कच्ची/ग्रावेल सडक प्रति किलोमिटर रु.१००।-

२. पक्की सडक प्रति किलोमिटर रु. ६५।-

४. सिलीन्डर अक्सिजन शुक्ल प्रति घण्टा रु. १००।-

# अनसुची २

(कार्यविधिको दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

## एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० लाई पुर्णतः पालना गर्नुपर्ने,

२. आफनो पेशागत भुमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयता कायम गर्दै आफनो पेशाका मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,

४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा विरामी तथा विरामीका परिवारलाई संधै सम्मान पुर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५. आफैले लिएका निर्णयहरूमा आफनै व्यक्तिगत रूपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६. आफनो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथ आफैमा भएका पेशागत दक्षता आफनो क्षेत्रका अरूलाई पनि सिकाउनुपर्ने,

७. कुनै पनि विरामीलाई ओसारपसार गर्नु अघि उसका बारेमा प्रयाप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

८. बिरामीलाई विच बाटोमा अलपत्र हुने गरी छाडन् नहुने,

९. आफनो कामको सिलसिलामा पाएको कुनै पनि सुचना गोप्य राख्नुपर्ने तथा बिरामीहरूबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सुचना बारेमा जानकारी दिन सक्ने,

१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुर्‍याउने पर्ने,

११. आफुले उचित देखेका बिरमीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरूको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरू ओसार पसार नगर्ने । प्रचलित कानुनको पालना गर्नुपर्ने र त्यस्तो गरेमा नेपाल सरकारको ऐन नियम अनुसार स्वंय सजायको भाग्यदारी हुनेछ ।

म................ ठेगाना.................... ना.प्र.प.नं................. जारी मिति ..................जिल्ला, डाइभिङ्ग लाइसेन्स नं............................... जारी मिति...................... ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । ओखलढुङ्गा जिल्ला मानेभन्ज्याङ गाउँपालिकाको एम्बुलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्ण रूपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

| चालकको: | रोहवरमा प्रमाणित गर्ने व्यक्तिको: |
| --- | --- |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| मिति : | पद : |
| | मिति : |
| | कार्यालयको छापः |

# अनूसची ४

## कार्यविधिको दफा ७ का उपदफा (९) सँग सम्बन्धीत

## एम्बुलेन्स लकबुक

एम्बुलेन्स नं.

| क.सं. | मिति | ठाउँ | | दुरी (कि.मि.) | | जम्मा दुरी | सेवा शुल्क | इन्धन | बिरामीको नाम | कुरूवाको नाम | ठेगाना | विरामीको प्रकृति | कुरूवाको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | शुरू | अन्तिम | | | डिजेल | | | | | | |
| | | | | | | | | | | | | | | |

# अनूसची ४

## (कार्यविधिको दफा ९ का उपदफा (१) सँग सम्बन्धीत)

## "ख" वर्गको (Common Life Support (CLS)) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण

- First Aid का सामानहरु
- Driver With basic Training in First Aid and emergent medicine
- Stethoscope
- B.P set
- Torch Light
- Tongue Depressure
- IV Drips .
- Cannula and Syringes
- ECG monitor and oxygen monitor
- Intubation set
- Various intubation tubes and laryngeal tubes
- Nebulizer set
- Ambu. bag

- Manual suction set
- Cervical collars
- CPR board
- Oxygen supply
- Automated external defibrillator (AED)
- Delivery sets
- Dressing Sets
- Splints
- Catheterizations sets
- Haemostatic sets
- Others

आज्ञाले,

छविलाल राई

प्रमुख प्रशासकीय अधिकृत